नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग


बबरमहल, काठमाडौं



नेपालको संविधान, २०७२ को दफा २७ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ अनुसार सडक विभागको देहाय बमोजिम सूचना स्वतः प्रकाशन (**Proactive Disclosure**) गरिएको छ ।

# स्वतः प्रकाशन (Proactive Disclosure)

## आ.व. २०८०/८१ (वैशाख देखि असारसम्म)



## विषय सूची

१. सडक विभागको स्वरूप र प्रकृति

२. सडक विभागको काम, कर्तव्य र अधिकार

३. सडक विभागमा रहेका कर्मचारी संख्या, कार्य विवरण र प्रदान गरिने सेवा

४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

६. निर्णय गर्ने प्रकिया र अधिकारी

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

८. सडक विभागले सम्पादन गरेको कामको विवरण

९. सूचना अधिकारी र प्रमुखको नाम र पद

१०. ऐन, नियम विनियम वा निर्देशिकाको सूची

११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

१२. तोकिए बमोजिमका अन्य विवरण

१३. सडक विभागको वेबसाइटको विवरण

# १. सडक विभागको स्वरूप र प्रकृति

सडक विभागले भरपर्दो एवं वातावरणमैत्री राष्ट्रिय सडक सञ्जालको निर्माण तथा स्तरोन्नतिद्वारा यातायात सुविधाको विकास गरी क्षेत्रीय तथा सामाजिक असन्तुलनमा कमी ल्याउन एवं उच्च तथा दिगो आर्थिक बृद्धीद्वारा गरिबी घटाउन/न्यूनीकरण गर्न सहयोग पुर्‍याउने तथा सडक सम्पतीको संरक्षण गरी दिगो, भरपर्दो र सुरक्षित सडक यातायात सेवा सञ्चालन गर्ने उद्देश्य लिई निरन्तर रुपमा कार्य गर्दै आएको छ । नेपालको संविधानले "राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन" अनुसूची (५) मा संघको क्षेत्रधिकारमा उल्लेख गरेको छ । सोहि अनुरुप संघियता लागू भएको अवस्थामा संघको जिम्मेवारी अन्तर्गत राष्ट्रिय लोकमार्ग मात्र रहेको हुँदा राष्ट्रिय लोकमार्गको संख्या र क्षेत्र पुनरावलोकन गर्दै मिति २०७६/०२/०६ मा ८० वटा राष्ट्रिय लोकमार्गको सूची मन्त्रीपरिषद्को बैठकबाट स्वीकृत भई कार्यान्वयन भई रहेको अवस्था छ । यसरी हालको अवस्थामा सडक सञ्जाल विकासको न्यूनतम आवश्यकता करिब करिब पूरा भएको अवस्था छ भने निर्माण सम्पन्न सडकहरुको सुदृढिकरण, सडक सेवा स्तरमा र सुरक्षा अवस्थामा सुधार र सङघीय संरचना अनुरुप सडक सञ्जालको विकास गरी देशको आर्थिक सामाजिक विकासमा प्रभावकारी र दिगो रुपमा टेवा पुर्‍याउनु सडक उपक्षेत्रको आजको आवश्यकता बनेको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Planning and Design Branch
Highway Management Information System (HMIS) UNIT

Road Network | Road Conditon | Traffic | Map | About

Nepal Road Network
Road Length with Category and Pavement (In Kilometer)

Data Year 2020/021

| Road Classification | Province | BT | GR | ER | Total | UC | PL |
|---|---|---|---|---|---|---|---|
| National Highway | Province 1 | 1274.45 | 182.38 | 436.03 | 1892.86 | 226.89 | 855.49 |
| | Province 2 | 547.33 | 183.69 | 183.72 | 914.74 | 0.00 | 158.53 |
| | Province 3 | 1359.74 | 268.90 | 261.05 | 1889.68 | 33.01 | 406.07 |
| | Province 4 | 530.24 | 75.16 | 694.57 | 1299.97 | 32.01 | 191.51 |
| | Province 5 | 1428.90 | 165.11 | 791.09 | 2385.10 | 94.33 | 72.59 |
| | Province 6 | 664.47 | 161.00 | 615.72 | 1441.19 | 21.00 | 671.36 |
| | Province 7 | 1031.32 | 80.12 | 243.94 | 1355.38 | 80.00 | 694.55 |
| | Sub-Total | 6836.45 | 1116.36 | 3226.12 | 11178.92 | 487.24 | 3050.11 |
| Grand Total | | 6836.45 | 1116.36 | 3226.12 | 11178.92 | 487.24 | 3050.11 |

Summary Of Road Length

| Road Classification | BT | GR | ER | Total | UC | PL |
|---|---|---|---|---|---|---|
| National Highway | 6836.45 | 1116.36 | 3226.12 | 11178.92 | 487.24 | 3050.11 |
| Total | 6836.45 | 1116.36 | 3226.12 | 11178.92 | 487.24 | 3050.11 |

Download Data

copyright Department of Roads, Nepal (DOR)

## २. सडक विभागको उद्देश्य, काम, कर्तव्य र अधिकार

सडक विभागको रणनीति पत्र (The DoR Strategy १९९५) मा नेपाल सरकारको सडक उपक्षेत्रको नीतिलाई व्यावहारिक रुपमा लागू गर्ने निकायको रुपमा सडक विभागका कार्यहरु निम्नानुसार परिभाषित गरिएको छ ।

- देशको यातायात सेवाको आवश्यकता पूरा गर्ने गरी सामारिक महत्वका सडक सञ्जाल (Strategic Road Network, SRN) को निर्माण गर्ने,
- निश्चित स्तरको सेवा प्रदान हुने गरी सडक सञ्जालको संभार गर्ने, र
- पैदल यात्रु लगायत सम्पूण सडक प्रयोगकर्तालाई सडक प्रयोगमा यथोचित सुरक्षा प्रदान गर्ने ।


## ३. सडक विभागमा रहेका कर्मचारी संख्या ,कार्य विवरण र प्रदान गरिने सेवा

सडक विभागमा हाल जम्मा ५ वटा मुख्य महाशाखाहरु रहेका छन् । विभाग अन्तर्गत ४ वटा संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयहरु, ३३ वटा सडक डिभिजनहरु, ८ वटा हेभी इक्विपमेन्ट डिभिजनहरु, ८ वटा मेकानिकल कार्यालयहरु र १ यान्त्रिक तालिम केन्द्र विद्यमान छन् । संगठन संरचना संलग्न ढांचामा उल्लेख गरिएको छ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभागको संगठन संरचना



सडक विभागका कुल पाँच (५) महाशाखाहरुको कार्यविवरण देहाय बमोजिम रहेको छ ।

## ➢ सम्भार महाशाखा

सम्भार महाशाखा विभाग अन्तर्गतका ५ वटा महाशाखाहरु मध्येको एउटा महाशाखा हो । यस महाशाखा अन्तर्गत देहाय बमोजिमका शाखाहरु छन् :-

(१) मर्मत सम्भार शाखा
(२) सडक सम्पत्ति व्यवस्थापन शाखा

यस महाशाखा अन्तर्गत निम्न कार्यहरु रहेका छन् :

- संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयहरुलाई सुम्पिएको कार्य गर्न गराउन नीति निर्देशन दिने ।
- संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयहरु तथा मातहतका कार्यालयबाट हुने कार्यहरुको समन्वय, सुपरिवेक्षण, अनुगमन र मूल्यांकन गर्ने ।
- सडक मर्मत तथा संभार, पुल तथा आयोजनाहरुको नीति तथा कार्यक्रम तर्जुमा गरी योजना महाशाखामा पठाउने ।
- सबै संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयहरुबाट सडक मर्मत संभार, पूल आयोजनाहरुको प्रगति विवरण प्राप्त गरी लक्ष्य तथा प्रगतिको तुलनात्मक विवेचना गरी योजना महाशाखामा पठाउने ।
- सडक मर्मत, संभार तथा पुलको लागि वैज्ञानिक आधारमा प्राथमिकता सूची तयार गरी सोही अनुरुप कार्यक्रम बनाउने तथा कार्यान्वयन गराउने ।
- वैदेशिक सहयोग अन्तर्गत संचालित सडक मर्मत तथा संभार आयोजनाहरुको नीति कार्यक्रम तर्जुमा गर्नेतर्फ विकास सहायता कार्मयान्वयन महाशाखासंग समन्वय गर्ने ।
- आपतकालीन स्थितिमा पर्न आउने जिम्मेवारीलाई समयमै महशुस गरी सडक पुल तथा सडकका अन्य स्ट्रक्चरहरुको संरक्षण र सुरक्षा गर्ने र यातायात व्यवस्थामा अबरोध हुन नदिन आवश्यक जनशक्ति एवं साधनको अग्रिम अनुमान एवं व्यवस्था गर्ने गराउने ।
- सडकको दाँया बाँया वृक्षारोपण गर्ने, सडक युटिलिटी सर्भिसेज, सडक संकेत चिन्ह तथा पेन्टिङ सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्ने ।
- विभाग अन्तर्गतका कार्यालयहरुलाई आवश्यक पर्ने विस्फोटक पदार्थहरु उपलब्ध गराउने सम्बन्धी आवश्यक पहल गर्ने ।
- SMD बाट Integrated Annual Road Maintenance Program (IARMP) तयार गर्ने गराउने ।
- सिनियर डिभिजनल ईन्जिनियर, ओभरसियर तथा लेन्थवर्करहरुलाई सडक तथा पुल मर्मत सुधार सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था मिलाउने।
- मर्मत संभार सम्बन्धी डकुमेन्टहरु तर्जुमा तथा अध्यावधिक गर्ने कार्य गर्ने / गराउने ।
- दैनिक प्रशासनिक कार्य संचालन गर्ने ।

## ➢ विकास सहायता कार्यान्वयन महाशाखा

सडक एवं पुल निर्माण तथा मर्मत सम्भार गरी देशका विभिन्न भागहरुलाई एक-आपसमा आवद्ध गराई देशको समग्र आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुर्याउने उद्देश्यका साथ सार्वजनिक सेवामा संलग्न रहेका सडक विभागका केन्द्रीय संगठन संरचना अन्तर्गतका विभिन्न ५ महाशाखाहरु मध्ये विकास सहायता कार्यान्वयन महाशाखा पनि एक रहेको छ । यस महाशाखाले द्विपक्षीय र बहुपक्षीय सहयोग प्राप्त गर्ने व्यवस्था गर्दै आएको छ ।

विकास सहायता कार्यान्वयन महाशाखाका कामहरुः

- द्विपक्षीय र बहुपक्षीय सहयोग शाखाहरुका कामहरु गराउने ।
- बैदेशिक स्रोतको आयोजनाको लागि परामर्शदात्री सेवाहरु र निर्माण कम्पनीहरुको छनौट र ठेक्का व्यवस्थापन सम्वन्धी प्राप्त प्रतिवेदनहरुमा कमेन्ट गर्ने र त्यस्ता कार्यहरुमा प्रतक्ष्य संलग्न भै काम गर्ने / गराउने ।
- बैदेशिक स्रोतको सबै निर्माण एवं पुनर्निर्माण आयोजनाहरुको समन्वय, अनुगमन एवं मूल्यांकन गर्ने ।
- सम्झौता अनुरुप टेक्नोलोजी ट्रान्सफरको लागी व्यवस्था गर्ने ।
- बैदेशिक सहयोग प्राप्त हुने आयोजनाको राष्ट्रिय योजना आयोग र भाैतिक पूर्वाधार तथा यातायात मन्त्रालयसंग समन्वय राखी तर्जुमा गर्ने ।
- बैदेशिक सहयोग अन्तर्गत खटिआएका विदेशीहरुको पासपोर्ट र भिषा सम्बन्धी कार्य गर्ने ।

विकास सहायता कार्यान्वयन महाशाखा अन्तर्गत देहायका शाखाहरु रहेका छन् :

(१) द्विपक्षीय शाखा

- द्विपक्षीय अनुदान तथा ऋणको लागि हुने वार्ता-सम्झौताको लागि आवश्यक कागजात तयार पार्ने ।
- दातृ-संस्था, डोनर एजेन्सी र आयोजानाहरु बीच समन्वय गर्ने।
- द्विपक्षीय आयोजनाहरुको पूर्व मूल्यांकन गर्ने र निर्माण कार्यको लागि सम्झौता अनुसार कार्यवाही गर्ने।
- द्विपक्षीय आयोजनाहरुको प्रगति विवरण प्राप्त गरी लक्ष्य र प्रगतिको तुलनात्मक विवेचना गरी योजना तथा अनुगमन महाशाखामा पठाउने।
- बैदेशिक सहयोग अन्तर्गत खटिआएका विदेशीहरुको पासपोर्ट र भिषा सम्बन्धी कार्य गर्ने।

(२) बहुपक्षीय शाखा

- बहुपक्षीय अनुदान, ऋणको लागि हुने वार्ता-सम्झौताको लागि आवश्यक कागजात तयार पार्ने एवं दातृ संस्थाहरु (डोनर एजन्सी) र आयोजनाहरु बीच समन्वय राख्ने ।
- बहुपक्षीय आयोजनाहरुको पूर्व मूल्यांकन गर्ने, निर्माण कार्यको अनुगमन र निर्माण कार्यको लागि भएका सम्झौता अनुरुप कार्यवाही गर्ने ।
- बहुपक्षीय आयोजनाहरुको प्रगति विवरण प्राप्त गरी लक्ष्य र प्रगतिको तुलनात्मक विवेचना गरी योजना तथा अनुगमन महाशाखामा पठाउने ।
- बहुपक्षीय अनुदान र ऋणका लागि वार्ता-सम्झौताको कागजात तयार पार्ने कार्यविधि र कार्यतालिका अगाडि पेश गरिएका कार्यविधि र कार्यतालिका अनुसार नै हुनेछ ।
- बहुपक्षीय आयोजनाहरुको पूर्व मूल्यांकन, निर्माण कार्यको अनुगमन र निर्माण कार्यको लागी भएको सम्झौता अनुरुपको कार्यविधि र कार्यतालिका द्विपक्षीय आयोजनाहरुमा पेश गर्ने ।
- बहुपक्षीय आयोजनाहरूको प्रगति विवरण प्राप्त गरी लक्ष्य र प्रगतिको तुलनात्मक विवेचना गरी योजना तथा अनुगमन महाशाखामा पठाउने। साे सम्वन्धी कार्यविधि र कार्यतालिका द्विपक्षीय आयोजनाहरूमा पेश गरे अनुसार हुनेछ।

## ➢ योजना तथा अनुगमन महाशाखा

योजना तथा तथा अनुगमन महाशाखाले सडक विभाग अन्तर्गतका योजनाहरुको बजेट तर्जुमा गर्ने, कार्यक्रम सम्बन्धी कार्यमा विभिन्न योजनाहरुबाट प्राप्त प्रगति Compile गर्ने, समिक्षा गर्ने र सम्बन्धित निकायमा रिपोर्टिंग गर्ने र पुल तथा सडकहरूको सर्भेक्षण तथा डिजाईन गर्ने कार्य गर्दछ।

योजना तथा अनुगमन महाशाखा अन्तर्गतका शाखाहरु:

(१) योजना, अनुगमन तथा मूल्यांकन शाखा
(२) भू-वातावरण तथा सामाजिक शाखा
(३) सडक सुरक्षा तथा ट्राफिक शाखा
(४) हाइवे व्यवस्थापन सूचना प्रणाली तथा सूचना-संचार प्रविधि शाखा

योजना तथा अनुगमन महाशाखाबाट हुने मुख्य-मुख्य कार्यहरु:

- ➢ नेपाल सरकारको नीति अनुरुप योजना तर्जुमा तथा कार्यक्रम सडक बिभागका महाशाखाहरु, मन्त्रालय र अन्य निकयाहरुसंग समन्वय गरी तर्जुमा गर्ने ।
- ➢ लक्ष्य अनुरुप तोकिएको काम उपयुक्त स्तर तथा निश्चित अवधिमा पूरा गर्न स्पष्ट नीति निर्देशन एवं मार्गनिर्देशन दिने ।

योजना अनुगमन तथा मूल्यांकन शाखाको कार्य विवरण:

- ➢ विभागको केन्द्रीय स्तरका सडक योजनाहरुको वार्षिक बजेट तर्जुमा गर्ने ।
- ➢ विभिन्न योजनाहरुको प्रगती विवरण सम्बन्धी महाशाखाबाट प्राप्त गरी Compile गर्ने र सम्बन्धित निकाय (मन्त्रालय, रा.यो.आ ) मा पठाउने तथा विभागीय स्तरमा आन्तरिक मूल्यांकन विवेचना गर्ने ।
- ➢ सडक सम्बन्धी वार्षिक निर्माण तथा मर्मत कार्यको प्रगती, वजेट र कार्यक्रमको तथ्यांक राख्ने ।
- ➢ नेपाल सरकारको नीति अनुरुप अल्पकालीन ५ बर्षे योजना दीर्घकालिन २० वर्षे योजनालाई आवश्यकता अनुसार परिमार्जन गर्ने ।
- ➢ सडकहरूको सम्भाव्यता अध्ययन, बिस्तृत सर्भेक्षण तथा डिजाईन कार्य गर्ने ।
- ➢ सामरिक महत्त्वको सडक संजाल तथा त्यसमा जोडिने गरी सडक विभाग अन्तर्गतका कार्यालय तथा योजनाहरु तथा अन्य निकायले गरेका सडक सम्बन्धी सर्भे र डिजाईन कार्यको जाँच गरी अन्तिम अनुमति दिने ।

भू-वातावरण तथा सामाजिक शाखाको कार्य विवरण तथा कार्यविधि :

१) सडक निर्माण मर्मत संभारले गर्दा पर्न सक्ने प्रतिकूल प्रभावको लेखाजोखा र निराकरण सम्बन्धी आवश्यक अध्ययन गरी आयोजना छनौटमा सहयोग पुराउने।

कार्यविधि:

- ➢ अध्ययन प्रतिवेदन तयार गर्नको लागी परामर्शदाता छनौट गरी अध्ययन प्रतिवेदन तयार गर्ने।

२) पहिरो फाल्दा, सडक निर्माण कार्यमा भएको ढुंगामाटो फाल्दा, चट्टान काट्दा तथा सिधा गर्नु पर्ने काम गर्दा वातावरण संरक्षणको निम्ति अपनाउनु पर्ने उपायहरु पत्ता लगाई लागु गर्ने र गर्न लगाउने।

कार्यविधि :

- सडक डिभिजन, योजना तथा अन्य सडक सम्बन्धी निकायबाट सूचना संकलन गरी सोही अनुरुप सडक निर्माण मर्मत तथा संरचना सम्बन्धी वातावरण निर्देशिका तयार एवं अध्यावधिक गर्ने एवं सडक सम्बन्धी Geo-Technical, Bio-Engineering, Environmental र Social परामर्श प्रदान गर्ने।

३) क्रमिक रुपमा भू-वातावरण सम्बन्धी केन्द्र स्तरीय डाटाबेस तयार गर्ने।

कार्यविधि:

- सडक डिभिजन, योजना तथा अन्य सडक सम्बन्धी निकाय एवं Internet तथा अन्य स्रोतबाट सूचना संकलन गरी Computer मा डाटावेस तयार गर्ने साथै सूचना संकलन केन्द्र (Archive) स्थापना गर्ने।

सडक सुरक्षा तथा ट्राफिक शाखाको कार्य विवरण तथा कार्यविधि:

१) सडक ट्राफिक र सडक दुर्घटना बिषयमा नीतिहरुको तर्जुमा, सडक डिजाइन सम्बन्धी Standard मापदण्ड, Standard Drawings तथा सडकसंग सम्बन्धित अन्य Standard तयार पार्ने र पुराना Standard लाई अध्यावधिक गर्ने ।

कार्यविधि :

- पंचवर्षिय योजनामा औल्याएइको सडक, ट्राफिक र सडक दुर्घटनाका क्षेत्रमा बन्नु पर्ने नीतिहरुको तर्जुमा गर्ने।
- भएका मापदण्डहरुको प्रत्येक २ बर्षमा पुनरावलोकन गर्ने ।
- नयाँ मापदण्डहरु तयार गर्न र पुराना मापदण्डहरु अध्यावधिक गर्न कार्यवाही उठाउने ।
- परामर्श सेवा आवश्यक पर्ने भएमा कार्यसूची र टेन्डर डकुमेन्ट तयार गर्ने ।

२) ट्राफिक दुर्घटना, यात्रु र परिवहन सम्बन्धी सर्भेक्षण अध्ययन गर्ने ।

कार्यविधि :

- ट्राफिक प्रहरीसंग रहेको दुर्घटनाको तथ्यांकको उतार ल्याउने।
- प्राप्त तथ्यांकलाई विभिन्न भेरिएवलहरु प्रयोग गरी विश्लेषण गर्ने।
- सो विश्लेषणका आधारमा सडक निर्माण, मर्मत, सुधार सम्बन्धी प्रस्ताव तयार गर्ने।

३) ट्राफिक प्रहरीसंग मिलेर सडक दुर्घटनाको तथ्यांकको विश्लेषण गर्ने।

कार्यविधि :

- पहिलेका अध्यनहरुका आधारमा आवश्यक थप अध्यनहरुको कार्यसूची तयार गर्ने।
- आवश्यक परामर्श सेवा प्राप्त गर्न टेन्डर डकुमेन्टहरु तयार गर्ने।
- नियुक्त गरिएका परामर्शदाताहरुको कामको मूल्यांकन गर्ने।
- अध्यनहरुबाट प्राप्त तथ्यांकको आधारमा नीतिगत निर्णयहरु लिन प्रस्ताव तयार गर्ने।

४) सडक सुरक्षा र ट्राफिक ब्यबस्थापन सम्बन्धी तालिम सामग्री तयार गरी विभिन्न सडक प्रयोगकर्ता, ट्राफिक प्रहरी र सडक प्राबिधिकहरुको लागी तालिम संचालन गर्ने।

कार्यविधि :

- तालिम दिन आवश्यक वर्ग र तिनको तालिमको आवश्यकता पहिचान गर्ने।

- पहिले दिईएका तालिमको मूल्यांकन गर्ने।
- तालिम सामग्री तयार गर्ने र स्रोत-व्यक्तिको छनौट गर्ने।
- आवश्यक परामर्श सेवा प्राप्त गर्न Tender डकुमेन्टहरु तयार गर्ने।
- तालिम, गोष्ठी, कार्यशाला संचालन गर्ने।

५) रोड सेफ्टी अडिट गर्ने ।

कार्यविधि :

- योजना रहेको वा बन्दै गरेको सडकको सेफ्टी अडिट गर्ने बारे निबेदन दर्ता गर्ने ।
- रोड सेफ्टी अडिट गर्नु पर्ने अन्य सडकको पहिचान गर्ने ।
- सडक विभागको रोड सेफ्टी अडिट गाईडलाईन बमोजिम अडिट संचालन गर्ने ।
- आवश्यक परामर्श सेवा प्राप्त गर्न टेन्डर डकुमेन्टहरु तयार गर्ने ।
- कार्यान्वयनका लागि अडिट रिपोर्ट उपलब्ध गराउने ।

६) ट्राफिक सिग्नल, ट्राफिक लगर, स्पिड डिरेक्सन दिभाइस जस्ता विशेषज्ञता आवश्यक पर्ने उपकरणहरुको जडान र सम्भार गर्ने तथा नमूना सडक दुर्घटना न्यूनीकरण र ट्राफिक व्यवस्थापन आयोजना संचालन गर्ने ।

कार्यविधि :

- संकलित तथ्यांकहरुका आधारमा नमूना आयोजनाहरुको पहिचान गर्ने।
- आवश्यक परामर्श सेवा, सप्लाई र निर्माण सेवा प्राप्त गर्न टेन्डर डकुमेन्टहरु तयार गर्ने।
- आयोजना संचालन गर्ने।

७) सडक सम्बन्धित निकायहरुलाई सडक सुरक्षा र ट्राफिक व्यवस्थापन सम्बन्धी सल्लाह र जानकारी दिने।

कार्यविधि :

- प्राप्त निवेदनहरु दर्ता गर्ने।
- सडक विभागको वा अन्यत्रको मापदण्ड वा स्टयाण्डर्ड प्राक्टिस वा अनुभवको आधारमा तथ्यांक, सल्लाह र जानकारी दिने ।

**HMIS-ICT** शाखाको कार्य विवरण तथा कार्यविधि:

- HMIS-ICT योजना तथा डिजाइन महाशाखा अन्तर्गतको शाखा हो । यस शाखामा दुई विभिन्न सूचना प्रणाली छन् ।

(१) हाईवे व्यवस्थापन सूचना प्रणाली (HMIS)

- सडक अनुगमन गर्ने तथा IRI (International Roughness Index), SDI (Surface Distress Index) and Traffic Count बाट प्राप्त सामरिक सडकहरुको तथ्यांक संकलन गर्नुका साथै स्टोर गर्ने ।

(२) सूचना संचार प्रविधि (ICT)

- सडक बिभाग अन्तर्गतका विभिन्न Online Applications को Hosting गर्नुका साथै विभागको सर्भर तथा Data Center (DC) and Disaster Recovery Center (DRC) का Devices को व्यवस्थापन तथा अनुगमन गर्ने ।
- सर्भर नेटवकिङ तथा सर्भर-डाटाहरुको व्यवस्थापन गर्ने ।
- यस शाखाबाट सञ्चालित सफ्टवयरहरु (SSRN, FMIS, CMS) को व्यवस्थापन तथा सम्भार गर्ने ।
- PPMO बाट सचालित E-Procurement System (EGP) को प्रयोग गर्न विभागका कार्यालयहरुका लागि Admin User को व्यवस्थापन गर्ने ।
- विभागको वेवसाइट व्यवस्थापन, सञ्चालन तथा सम्भार गर्नुका साथै Website Content and Data व्यवस्थापन गर्ने; विभाग वा अन्तर्गतका कार्यालयहरुको लागि Web-Admin तथा Circular Page को User Creation and Credentials Management सम्बन्धी कार्य गर्ने ।
- नेपाल सकारको केन्द्रिकृत ईमेल प्रणालीको User Management and Office Set-up गर्ने ।
- विभागको कार्यालय तथा सर्भर व्यवस्थापनका लागि आवश्यक ईन्टरनेट तथा विभाग परिसर नेटवर्कि सिष्टमको व्यवस्थापन तथा अनुगमन गर्ने ।
- विभागका लागि आवश्यक पर्ने सफ्टवयर विकास सम्बन्धी कार्यमा आवश्यक सहयोग प्रदान गर्नुका साथै विभागको IT सम्बन्धी कार्यमा आवश्यक राय दिने ।

## यान्त्रिक महाशाखा

सडक एवं पुल निर्माण तथा मर्मत सम्भार गरी देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुर्याउने उद्देश्यका साथ सार्वजनिक सेवामा संलग्न रहेको सडक विभागको केन्द्रिय संगठन संरचना अन्तर्गत विभिन्न ५ महाशाखाहरु मध्ये यान्त्रिक एक हो। निजामती सेवा ऐन तथा नियमावली, आर्थिक ऐन नियम र कार्यविधि, प्रचलित कानुन तथा नेपाल सरकारबाट भएको मार्ग निर्देशन तथा सडक विभागको आन्तरिक कार्यसंचालन विधि एवं निर्देशन समेतलाई पालना गर्दै यस महाशाखाले आफु र आफ्ना अन्तर्गतका ८ हेभी ईक्वीपमेन्ट डिभिजन, ८ यान्त्रिक कार्यालय र १ तालिम केन्द्रबाट सम्पादन गर्दै आएको छ ।

## पुल महाशाखा

सडक विभाग अन्तर्गतका ५ वटा महाशाखाहरु मध्ये यो एउटा महाशाखा हो । विभागबाट सम्पन्न हुने पुल सम्बन्धी सम्पूर्ण कार्य यस शाखाले गर्दछ ।

**कार्य विवरण तथा कार्यविधि:**

- पुलहरुको सर्वेक्षण तथा डिजाइन कार्य गर्ने गराउने ।
- स्वीकृत कार्यक्रम अनुसार इस्टिमेट गरी परामर्शदाता छनौटको लागि आवश्यक डकुमेन्टहरु तयार गर्ने ।
- परामर्शदाता छनौट प्रक्रिया (प्रस्ताव आह्वान, प्रस्ताव प्राप्त गर्ने, खोल्ने, आदि) सम्बन्धी कार्य गर्ने ।
- प्रस्तावको प्राबिधिक तथा आर्थिक मूल्यांकन गर्ने ।
- स्वीकृत परामर्शदाताहरुसंग सम्झौता गर्ने ।
- विभिन्न चरणमा प्रतिवेदनहरु प्राप्त भएपछि चेक, कमेन्ट गर्ने र विभिन्न चरणमा भुक्तानीको लागि सिफारिश गर्ने ।

पुल महाशाखा अन्तर्गतका शाखाहरुः

- पुल डिजाइन तथा अनुगमन शाखा
- पुल मर्मत समन्वय शाखा
- पुल निर्माण समन्वय शाखा
- आयोजना कार्यान्वयन शाखा (PIU)
- पुल सुधार तथा मर्मत आयोजना (PCU)

## ➢ प्रशासन शाखा

विभाग अन्तर्गतका कार्यालयहरु र विभिन्न सडक योजनाहरुलाई आवश्यकता अनुरुप जनशक्ति उपलब्ध गराएर विभागको उद्देश्य प्राप्तिमा सहयोग पुर्याउनु प्रशासन शाखाको मुख्य काम हो।

आन्तरिक व्यवस्थापन शाखाको मुख्य कार्य विवरणः

- ➢ दरबन्दी सृजना, नियुक्ति,पदस्थापना, सरुवा, बढुवा, विभागीय कारबाही, अवकास लगायत कार्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- ➢ विभाग र अन्तर्गत कार्यालयहरुका कर्मचारीहरुको अभिलेख अध्यावधिक गरी सुरक्षित राख्ने।
- ➢ विभागको भवनमा आन्तरिक सुरक्षा, पालो पहरा, सोधपुछ, सरसफाई आदि सम्बन्धी कार्य व्यवस्थापन गर्ने।
- ➢ केन्द्रीय स्तरको दर्ता चलानी गर्ने गराउने।
- ➢ जिन्सी सामानको लागत, सर्वेक्षण, रेखदेख र केन्द्रीय स्टोरको व्यवस्था सम्बन्धी कार्य गर्ने।
- ➢ विभाग र मातहत कार्यालयहरुलाई कानूनी परामर्श उपलब्ध गराउने तथा मध्यस्थताको व्यवस्था मिलाउने र मुद्धामामिलामा विभागको बचाव गर्न आवश्यक कार्य गर्ने ।
- ➢ सडक सम्बन्धी जग्गा अधिग्रहण, मुआब्जा, सिमांकन, लगत कट्टा सम्बन्धी कार्यमा कानूनी सहयोग पुर्याउने र समन्वय गर्ने ।

## ➢ आर्थिक प्रशासन शाखा

आर्थिक प्रशासन शाखाको कामः

- ➢ आर्थिक कारोबारसंग सम्वन्धित भुक्तानी निकासा माग गर्ने व्यवस्था मिलाउने ।
- ➢ निकासा भएको रकमको खर्चको हिसाब रीतपूर्वक राख्ने, खर्चको फांटवारी तथा आर्थिक विवरण तयार गर्ने, त्यस्तो फांटवारी तथा आर्थिक विवरण समयमै केन्द्रीय निकायमा पठाउने र लेखापरीक्षण गराउने ।
- ➢ सोधभर्नाको लागि आवश्यक विवरण तयार गरी सम्वन्धित निकायमा पठाउने ।
- ➢ लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत राख्ने, बेरुजु फस्यौंट गर्ने गराउने र नियमित गर्नुपर्ने विषयमा सम्वन्धित सवै शाखा, महाशाखा तथा निकायको समन्वयमा आवश्यक कागजात संलग्न गरी महानिर्देशकसमक्ष पेश गर्ने ।
- ➢ आर्थिक कारोबारको सम्वन्धमा सम्वन्धित अधिकारीलाई राय दिने ।
- ➢ विभागको केन्द्रीय लेखा राख्ने ।
- ➢ विभागको चालु खर्चको बजेट तयार गर्ने । पूंजीगत खर्चको बजेटको हकमा योजना तथा अनुगमन महाशाखासंग समन्वय गर्ने ।

### ➢ कानुन तथा विवाद व्यवस्थापन शाखा

विवाद समाधान शाखाका कामहरु :

- ➢ ठेक्का व्यवस्था वा कार्यान्वयन गर्दा आइपरेका विवाद समाधान गर्ने उपायहरु पहिचान गर्ने र समाधान गर्नेतर्फ सुझाव दिने ।
- ➢ सडक विभागका विभिन्न आयोजनाहरुकाे निर्माण कार्यको ठेक्का पट्टाको लागि तयार गरिएका Contract Document मा दाबी र विवाद समाधान सम्बन्धी दफा, उपदफाहरू बारे सल्लाह प्रस्ताव दिने।
- ➢ पूर्व पक्षीय वा मध्यस्त सम्पन्न भएपछि पछिल्लो तहको न्यायलयमा सडक विभाग जानु पर्ने हो वा होईन भन्ने बारे सडक विभागलाई सल्लाह दिने ।

## ४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

सडक विभाग र अन्तर्गतका निकायहरुको प्रमुखज्यूको नाम र Contact Number तलको QR Code स्क्यान गरि हेर्न सकिने छ ।

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

**सेवा प्राप्त गर्न लाग्ने दस्तुरः**

➢ सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानुनले तोके बमोजिम दस्तुर ।

**सेवा प्राप्त गर्न लाग्ने अवधिः**

➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को नियम ७ ले तोकेको अवधिभित्र र अन्य कानुनले अवधि तोकेकोमा सोही बमोजिम ।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस विभागमा प्राप्त उजुरी तथा निवेदनहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारबाही प्रक्रिया अगाडी बढाइने ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी : श्रीमान् महानिर्देशकज्यू

## ८. सडक विभागले सम्पादन गरेको मुख्य-मुख्य कामको विवरण

| सि.नं. | विवरण | वार्षिक लक्ष्य | आ.व. २०८०/८१ को प्रगति | वार्षिक लक्ष्यको तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | कालोपत्रे स्तरको सडक, कि.मि. (नयाँ) | ९५६ | ७५६.३ | ७९.११ |
| २ | ग्रावेल स्तरको सडक, कि.मि. | ४०० | ३२८ | ८२ |
| ३ | माटे सडक, कि.मि. | १५० | १६७ | १११.३३ |
| ४ | आवधिक मर्मत, कि.मि. | २५० | २६१ | १०४.४ |
| ५ | पुल निर्माण, संख्या | १५० | २०२ | १३४.६६ |

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पद

विभागीय प्रमूखको नाम र पदः रामहरि पोखरेल (महानिर्देशक)
प्रवक्ताको नाम र पदः उमेश विन्दु श्रेष्ठ (उपमहानिर्देशक)
सूचना अधिकारीको नाम र पदः अमित कुमार शर्मा (सि.डि.ई.)

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- ✓ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४
- ✓ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- ✓ सूचनाको हक सम्बन्धि ऐन, २०६४ तथा नियमावली, २०६५
- ✓ सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- ✓ सार्वजनिक सडक ऐन, २०३१
- ✓ रोड बोर्ड ऐन, २०५८
- ✓ वन ऐन, २०७६ र नियमावली, २०७९
- ✓ जग्गा प्राप्ती ऐन, २०३४
- ✓ Standard Specification for Road and Bridge, 2075 (With amendment)
- ✓ नियमित सडक मर्मत संभार निर्देशिका, २०६२
- ✓ वातावरण संरक्षण ऐन, २०७६
- ✓ वातावरण संरक्षण नियमावली, २०७७
- ✓ सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४
- ✓ निजामती सेवा ऐन, २०४९
- ✓ निजामती सेवा नियमावली, २०५०
- ✓ एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
- ✓ अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७८
- ✓ आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धि मापदण्ड, २०८०

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

**आ.व २०८०/८१ को वार्षिक बजेट विनियोजन तथा खर्चको विवरण**

| | | | रकम रु. हजारमा |
|---|---|---|---|
| आ.व. २०८०-८१ को | चालु | पुँजीगत | कुल |
| विनियोजित बजेट(सुरूको) | २,२४३,७००.०० | ९५,९३०,६००.०० | ९८,१७४,३००.०० |
| विनियोजित बजेट(संशोधन सहित) | २,२९३,५१६.०० | १०४,९७५,१५४.०० | १०७,२६८,६७०.०० |
| वार्षिक खर्च | १,९५८,७२७.९८ | ७२,६१४,५४९.०० | ७४,५७३,२७६.०० |
| खर्च प्रतिशत | ८५.४० % | ६९.१७ % | ६९.५२ % |

## १२. तोकिए बमोजिम अन्य विवरण : छैन

## १३. सडक विभागको वेबसाइटको विवरण : https://dor.gov.np/home

<u>सम्पन्न कार्यका फोटोहरु</u>



Karnali River Triple Arch Bridge, Kuine (L=300 m)



Bridge at Karnali River, Chipleghat (L=500 m)



Mahakali River Bridge



Charikot – Jiri Road




Madan Bhandari Highway (Katari)



Nagdhunga Tunnel West Portal